# पिट्सबर्गका आप्रवासी तथा अन्तर्राष्ट्रिय समुदायहरूद्वारा आयोजित मेयरल फोरम
# अनुवादका लागि ट्रान्सक्रिप्ट

मई 6, 2021 मा द ग्लोबल स्विचबोर्ड (The Global Switchboard) को संयोजकत्वमा अल फर अल कोअलिसन (All for All Coalition) ले पिट्सबर्गका आप्रवासी तथा अन्तर्राष्ट्रिय समुदायहरूद्वारा प्रबन्ध मिलाइएको मेयरल फोरमको आयोजना गरेको थियो । यस फोरममा पिट्सबर्गको मेयरका लागि उम्मेदवारी दिनुभएका चारजना डेमोक्रेटिक उम्मेदवारहरू सहभागी हुनुहुन्थ्यो – रिप्रिजेन्टेटिभ एड गेनी, श्री टोनी मोरेनो, मेयर बिल पेडुटो र श्री माइक थोम्प्सन । यस फोरमको लक्ष्य भनेको आप्रवासी तथा शरणार्थी समुदायहरूको आवाजहरूलाई चुनावी चक्रमा उठाउने र केन्द्रित गर्ने रहेको थियो जसले आप्रवासी तथा विदेशबाट आएर बसिरहेका मानिसहरूका लागि बसोबास योग्य शहरसँग सम्बन्धित रहेका विशिष्ट मामिलाहरूलाई उपेक्षा गरेको र किनारा लगाएको छ । हाम्रो शहरको समग्र जीवन्तता राष्ट्रिय मूल, धर्म, भाषा, सामाजिक-आर्थिक स्थिति, जाति, लिङ्ग वा यौनिकता जेजस्तो भएतापनि यस शहरको संरचनामा आप्रवासी तथा विदेशबाट आएर बसिरहेका मानिसहरूको समावेशीकरण र सशक्तीकरणमा मूल रूपमा निर्भर रहन्छ ।

यस फोरममा पेश गरिएका प्रश्नहरू अल फर अल कोअलिसनका सदस्यहरूद्वारा ध्यानपूर्वक छनौट गरिएको थियो जसको पिट्सबर्गमा बसोबास गरिरहेका आप्रवासी तथा विदेशबाट आएर बसिरहेका मानिसहरूको अनुभवहरूसँग संगठनात्मक र व्यक्तिगत सम्बन्धहरू छ । हामी मई 18 र नोभेम्बर 2, 2021 मा निर्वाचनहरूतर्फ जाँदै गर्दा यस फोरमको उद्देश्य सबै पिट्सबर्गवासीहरूलाई समावेश गर्ने रहेको थियो तर यो विशेष रूपमा पिट्सबर्गलाई घर भनेर बोलाउने सबै आप्रवासी तथा विदेशबाट आएर बसिरहेका मानिसहरूका लागि समर्पित थियो ।

यस फोरमलाई भाषिक रूपमा पहुँचयोग्य बनाउनका लागि हामीले छवटा प्रश्नहरू छनौट गरेका छौं जसले आप्रवासी तथा विदेशबाट आएर बसिरहेका मानिसहरूसँग सम्बन्धित मामिलाहरूमा उम्मेदवारहरूका विचारहरूमा प्रकाश पार्छ । प्रश्न छनौट मापदण्डहरू जवाफहरूको सारभूततामा आधारित थिए जसबाट मेयरको रूपमा निर्वाचित भएको खण्डमा हरेक उम्मेदवारलाई जवाफदेही ठहराउन सकिनेछ । यी जवाफहरूलाई ग्लोबल वर्डस्मिथ्स (Global Wordsmiths) द्वारा मानिसहरू प्रयोग गरेर अनुलेखन र अनुवाद गरिएको छ । सो फोरमको पूर्ण रेकर्डिङ अंग्रेजी भाषामा द ग्लोबल स्विचबोर्डको युट्युब च्यानलमा उपलब्ध छ ।

**अस्वीकरण*:* अल फर अल कोअलिसनले उम्मेदवारहरू प्रस्तुत यी नीतिगत रायहरू मध्ये कुनैलाई पनि समर्थन गर्दैन, नत यसले पिट्सबर्गको मेयर पदका लागि उम्मेदवारहरू मध्ये कुनैलाई पनि समर्थन गर्दैन । यहाँ प्रकाश पारिएका जवाफहरूको तथ्यको जाँच गरिएको छैन । तटस्थता कायम राख्नका लागि अल फर अल कोअलिसनले टिप्पणी बिया उम्मेदवारहरूको जवाफहरूलाई अनुवाद गर्दैछ । हामीलाई आशा छ कि यी अनुवादित जवाफहरूले मतदाताहरूलाई सुसूचित निर्णय लिनका लागि थप श्रोतसाधनहरू उपलब्ध गराउनेछन् ।**

**प्रश्न *#3*** भाषासम्बन्धी अवरोधहरूले यस शहरमा सेवा प्रदायकहरूका साथसाथै आप्रवासी तथा शरणार्थीहरूमा स्पष्ट र अत्यावश्यक सङ्कट गराएका छन् । दोभाषे तथा अनुवाद सेवा उपलब्ध नगराइँदा अंग्रेजी भाषामा सीमित प्रवीणता भएका आप्रवासीहरू सवारीचालक अनुमतिपत्र प्राप्त गर्नेदेखि लिएर कोभिड-19 खोप प्राप्त गर्नेसम्म सबै कुराहरूमा पहुँचबाट वञ्चित छन् । सिभिल राइट्स एक्ट (नागरिक अधिकार ऐन) को टाइटल VI र EO 13166 का साथसाथै सिटी अफ पिट्सबर्गको आफ्नै कोड अफ

अर्डिनेन्स (अध्यादेश संहिता) अन्तर्गत भाषासम्बन्धी सहयोग आवश्यक पर्छ भन्ने प्रावधान रहेको अवस्थामा तपाईंको प्रशासनले पिट्सबर्ग र सिटीको स्थानीय सरकार आफैँमा भाषासम्बन्धी पहुँचयुक्ततालाई बढाउनका लागि कसरी काम गर्नेछ ?

**रिप्रिजेन्टेटिभ गेनी:** मैले समुदायसँग काम गर्ने बारेमा कुरा गर्दा त्यो मैले कुरा गरिरहेका मामिलाहरू मध्येको एक हो । हामीलाई थाहा छ कि समुदायसँग काम गर्दा हामीले अनुवादकहरू उपलब्ध गराउन सक्छौं तर त्यहाँसम्म हामीलाई लिएर जानका लागि हामीसँग कोही हुनुपर्छ; मलाई लाग्छ कि तपाईंले भन्नुभएका कुराहरू मध्ये एउटा कुरा एकदमै महत्त्वपूर्ण थियो; कोभिड-19 रहिरहँदा त्यसको खोप कहाँ लगाउने भनेर थाहा नहुने, आफूलाई कोभिड-19 लागेको छ कि भनेर हेर्नका लागि उनीहरू परीक्षण गराउन कहाँ जानुपर्छ भन्ने कुरा पनि थाहा नहुने । यहीं नै स्थानीय नेतृत्वले सबै समुदायहरूसँग, प्रत्येक समुदायसँग उनीहरूलाई के-के कुराहरू आवश्यक पर्छ भनेर थाहा पाउनका लागि नजिकबाट काम गर्न जरुरी छ । र यदि परीक्षण गराउन उनीहरू कहाँ जानुपर्छ वा खोप लगाउन कहाँ जानुपर्छ भनेर बुझ्नमा मद्दत गर्नका लागि उनीहरूलाई अनुवादकहरू आवश्यक पर्छ भनेर हामीले उनीहरूसँग मिलेर काम गर्नुपर्छ । यो सबै हामी एकअर्कासँग कसरी काम गर्छौं भन्ने सम्मानका सम्बन्धहरू निर्माण गर्ने बारेमा छ र म उनीहरूसँग काम गर्न इच्छुक छु; उनीहरूसँग उनीहरूलाई आवश्यक पर्ने अनुवादकहरू छन् भनेर सुनिश्चित गर्न र हामीले पालना गर्न सक्ने एजेन्डा निर्माण गर्नमा म उनीहरूसँग काम गर्न इच्छुक छु ।

**श्री थोम्प्सन:** हो, भाषासम्बन्धी अवरोधहरू एकदमै ठूलो समस्या हो । मेरो पृष्ठभूमि भन्नुपर्दा अस्ट्रियाबाट आएको यहुदी शरणार्थीको रूपमा रहेको थियो; मेरो हजुरबुबा क्रिस्टलनाच्ट लगत्तै अस्ट्रियाको भियनाबाट भाग्नुभएको थियो । त्यसैले, यदि मैले अस्ट्रियाको दोहोरो नागरिकता चाहें भने म अस्ट्रिया फिर्ता जान योग्य हुन्छु, तर मैले जर्मन भाषा बोल्न जान्दैन, त्यसैले यदि म अस्ट्रियामा भएको भए म मूलतः जेनिटर (सफाइ कर्मचारी) को रूपमा काम गरिरहेको हुन्थे किनभने तपाईंले जर्मन भाषा बोल्नुभएन भने

तपाईंले गर्न सक्ने भनेको त्यहीं काम मात्र हो र यदि मलाई त्यहाँ बस्नुपर्थ्यो र मलाई सो भाषा ठीकसँग बोल्न आउँदैन भने मलाई त्यहाँ यताउता गर्नमा एकदमै समस्या हुन्थ्यो । र मसँग कलेजको डिग्री छ तर म सो भाषा बोल्दैन; यहीं कुरा पिट्सबर्गमा आउने धेरै मानिसहरूमा लागू हुन्छ । यदि तपाईं भाषा बोल्नुहुन्न भने त्यो समस्या हो । त्यसैले, तपाईंहरूए वास्तवमा अन्य शहरहरूमा भए जस्तै कार्यक्रम गर्न आवश्यक छ; कल-इन सेवा धेरै राम्रो हुन्छ होला जहाँ तपाईंले फोन गर्नुहुन्छ र उता दोभाषे उपलब्ध रहन्छन्; केही धेरै वा थोरै प्रयोग हुने भाषाहरूका लागि पूर्णकालीन दोभाषे आवश्यक पर्छ कि पर्दैन भनेर मलाई थाहा छैन तर हामीले निश्चित रूपमै विभिन्न सेवाहरूसँग साझेदारी गर्न सक्छौं जहाँ तपाईंले फोन गर्नुहुन्छ र उता दोभाषे उपलब्ध रहन्छन् र उक्त व्यक्तिले प्रक्रियाभरि तपाईंलाई मद्दत गर्छन् ।

**श्री मोरेनो:** हामीले प्राथमिकता दिनुपर्छ; मलाई थाहा छ कि कानुन कार्यान्वयन र प्रहरी विभागमा दोभाषेहरू प्राप्त गर्न हामीले संघर्ष गर्छौं र सडकमा हुँदा दोभाषेलाई सम्पर्क गर्नका लागि घन्टौं नलागे पनि प्राय: केही मिनेट पक्कै लाग्छ, धेरैजसो त्यो एकदमै ठूलो समस्या बन्ने गर्छ किनभने हामीले मानिसहरूलाई सो तरिकामा हिरासतमा राख्नुहुँदैन । साथै उनीहरू नेबरहुडहरूमा बसाई सरेर आएपछि हामीले रसियाली शरणार्थीहरूको नमुना प्रयोग गर्नुपर्छ जसमा शीतयुद्धपछि उनीहरू स्क्वायरल हिलमा आएका थिए; उनीहरूले अंग्रेजी तथा रसियाली दुवै भाषाहरू बोल्ने मानिसहरूलाई नियुक्त गरेका थिए, उनीहरूले शरणार्थीहरूलाई तयार गरेका आवासहरूमा राख्न सफल भएका थिए; उनीहरूसग त्यसका लागि योजना थियो, अहिले हामीसँग त्यस्ता योजनाहरू छैनन् वा हामीले यी मानिसहरूले कष्ट पाइरहेको देख्दा हामीले कम्तीमा पनि तिनीहरूलाई सही तरिकामा प्रयोग गरिरहेका छैनौं । नर्थभ्यु हाइट्समा म सहभागी एउटा कार्यक्रममा आइरहेका धेरै मानिसहरूका लागि एकजनाले दोभाषे सेवा गरिरहेका थिए । त्यसैले त्यो भइरहेको देख्दा र बिचभ्युमा दोभाषे सेवा प्राप्त गर्न उनीहरूलाई समस्या भइरहेको थाहा पाउँदा हामीले प्रविधिको प्रयोग गरेर उनीहरूलाई सेवा दिन पनि सक्छौं; हाम्रा धेरैजसो आधुनिक सेलफोन तथा ल्यापटपहरूमा

आफूले जानेको भाषामा बोल्ने र त्यसको आधारमा तिनीहरूले चाहेको भाषामा जवाफ फर्काउने विशेषताहरू पनि हुन्छ ।

**मेयर पेडुटो:** यो वेल्कमिङ पिट्सबर्गको महत्त्वपूर्ण हिस्सा हो; हामीले सिटी अफ पिट्सबर्गमा रहेका विभिन्न सेवा प्रदायकहरूको डेटाबेस तयार गर्न सफल भएका थियौं जसले गर्दा कोभिड सुरु हुँदा हामीले तत्कालै ती प्रदायकहरूसँग बैठक बस्न सफल भएका थियौं । दोस्रो, हामीले अगुवाइ गरेको क्वाइट केयर क्याम्पेनमार्फत भएको थियो । त्यसको दोस्रो हिस्सामा हामीले प्रदायकहरूसँग मात्र नभएर शरणार्थी तथा आप्रवासी समुदायहरूसँग पनि साप्ताहिक रूपमा बैठकहरू गर्न सफल भएका थियौं ताकि हामीले प्रत्यक्ष तथा विशेष रूपमा प्रश्नहरूको जवाफ दिन सकौं । र तेस्रो, हामीले तेस्रो पक्षलाई नियुक्त गरेर नयाँ भाषा ट्रान्सफर पोर्टल निर्माण गरेका थियौं जसले हाम्रा सबै मुख्य कागजातहरूलाई विभिन्न भाषाहरू तयार गरेको थियो र अब 311 विश्वमा भएको कुनै पनि भाषाका आधारमा कुनै पनि अनुरोध तथा आवश्यकताहरूलाई लिन सक्छ ।

**प्रश्न #4:** मेयरको रूपमा, तपाईंले सांस्कृतिक तथा भाषिक रूपमा आप्रवासी तथा शरणार्थी बालबालिका र परिवारहरूका आवश्यकताहरू प्रति उत्तरदायी रहने उच्च गुणस्तरीय बालस्याहार र शैक्षिक अवसरहरूमा किफायतीपन र पहुँचलाई सुनिश्चित गर्नका लागि राज्यका निर्वाचित पदाधिकारी, स्कुल बोर्ड र अन्य क्षेत्रीय नेतृत्वहरूसँग कसरी काम गर्नुहुन्छ ?

**श्री थोम्प्सन:** हामीले निश्चित रूपमै स्कुल बोर्ड र राज्यका नेतृत्वहरूसँग मिलेर काम गर्नुपर्छ । हामीले वास्तवमै गर्न सक्ने भनेर मलाई लागेको कुरा भनेको पिट्सबर्गको विविध प्रकृतिका बारेमा कुरा गर्नु हो । साथै, यदि तपाईंले यहाँ सधैंभरि बसोबास गरेका मानिसहरूसँग कुरा गर्नुभयो भने उनीहरू मध्ये धेरैजना यहाँ आप्रवासीको रूपमा अन्य स्थानहरूबाट आउनुभएको थियो । र हामीले वर्षौं पहिले हामी कहाँबाट आएका थियौं भन्ने

बारेमा बढीभन्दा बढी कुरा गर्नुपर्छ र हाम्रा भिन्नताहरूको सट्टामा हामीहरू बीचमा के-के साझा छन् भनेर हेर्नुपर्छ । प्रायजसो शरणार्थी वा आप्रवासी रहेका मानिसहरूलाई भिन्न तरिकामा व्यवहार गरिन्छ, मानौं कि उनीहरू फरक प्रकारका हुन्, जबकी उनीहरू वास्तवमा हामी जस्तै समान मानवहरू हुनुहुन्छ र अमेरिका आप्रवासीहरूको राष्ट्र हो । र हामीले हामी को हौं भन्ने यस आधारलाई याद राखुपर्छ ।

**श्री मोरेनो:** हामीले अहिले भर्खरै पिट्सबर्गमा अश्वेत महिलाहरूका लागि बालस्याहार पनि भेटाउन सक्दैनौं जसबाट उनीहरूले आफूलाई आफ्नो गरिबीबाट माथि उठाउन सकून्, त्यसैले त्यो नै पूर्ण प्राथमिकता हुनुपर्छ । हामीले यी कुराहरूलाई व्यवस्थित गर्छौं भनेर हामीले सुनिश्चित गर्नुपर्छ र अब तपाईंले सञ्चार गर्नमा समस्या हुने आप्रवासीलाई समावेश गर्दा हामीले सबैभन्दा पहिले प्रारम्भिक बाल विकासमा अंग्रेजी भाषा बोल्ने शिक्षकहरूलाई ल्याउनुपर्छ किनभने जब म हुर्किरहेको थिएँ मैले मेरो बुबालाई उहाँले मलाई स्पेनिस भाषा किन सिकाउनु भएन भनेर सोधेको थिएँ र उहाँले 1968 मा बच्चाहरूले स्पेनिस भाषा सिकेको राम्रो नमानिने भनेर बताउनुभएको थियो । र मैले यो कसरी बुझें भने मेरा अधिकांश साथीहरू मेक्सिकन थिए र स्पेनिस भाषा मात्र बोल्ने अभिभावक नभएसम्म उनीहरू कसैले पनि स्पेनिस भाषा बोल्दैन थिए । त्यसैले उनीहरूले उनीहरूका लागि अनुवाद गरिदिन्थे । त्यसैले, हामीले यी घरपरिवारहरूमा गएर उनीहरूले कसरी सञ्चार गरिरहेका छन् भनेर पत्ता लगाउनुपर्छ किनभने अंग्रेजी भाषा नबोल्ने अभिभावकले अधिकांश समयमा अंग्रेजी भाषा सिक्ने गर्नुहुन्न र हामीले बच्चाहरूलाई अंग्रेजी भाषा सिकाउनुपर्छ ताकि उनीहरूले आफ्ना अभिभावकहरूसँग दोहोरो तरिकामा सञ्चार गर्न सकून् । यदि हामीले यसलाई प्राथमिकता दियौं भने जीवनयापन गर्न सजिलो हुन्छ र तपाईंले उनीहरूलाई आफ्नो शैक्षिक प्रक्रियामा आवश्यक पर्ने सेवाहरू उनीहरूका लागि व्यवस्था गर्न सक्नुहुन्छ ।

**मेयर पेडुटो:** विशेषगरी हाम्रा युवा पिट्सबर्गवासीहरूलाई शिक्षामार्फत अवसरका बारेमा आश्वस्त पार्नका निम्ति हामीले गर्न सक्ने मुख्य तरिकाहरू मध्ये एउटा भनेको पिट्सबर्ग

पब्लिक स्कुल्समा दोस्रो भाषाको रूपमा अंग्रेजीका लागि पैरवी गर्ने र त्यसलाई बढावा दिने हो र पेन्सलभेनिया राज्यको माध्यमबाट आवश्यक आर्थिक सहायता उपलब्ध गराउने र लगानी गर्ने हो । दोश्रो भाषाको रूपमा अंग्रेजी कार्यक्रमले आप्रवासी परिवारहरूलाई आफ्नो बच्चाहरूलाई अंग्रेजी भाषामा मात्र सिक्ने मात्र नभएर आफ्नो गृह भाषामा पनि सिक्नमा मद्दत गर्छ । मेरो अंकल इटालीबाट यस देशमा आउनुभएको थियो र उहाँले अंग्रेजी बोल्न सक्नुहुँदैन थियो - उहाँको समयमा त्यो कहिल्यै पर्दान गरिँदैन थियो ।

**रिप्रिजेन्टेटिभ गेनी:** पहिलो कुरा, हामीले बाल स्याहार लाइन आइटमका लागि पैसा विनियोजन गर्दा यो बढाइएको छ भनेर सुनिश्चित गर्नका लागि हामीले हाम्रा राज्यका पदाधिकारीहरूसँग सधैं काम गर्न जरुरी हुन्छ किनभने यो कत्तिको महत्त्वपूर्ण हुन्छ भनेर हामीलाई थाहा छ । दोस्रो कुरा, हामीले स्कुल डिस्ट्रिक्टसँग मिलेर काम गर्नुपर्छ । शिक्षा सर्वव्यापी होस् भन्नका लागि हामीसँग विविध समूहका शिक्षकहरू छन् भनेर सुनिश्चित गर्न हामीले स्कुल डिस्ट्रिक्टसँग मिलेर काम गर्नुपर्छ । किनभने विभिन्न पृष्ठभूमिहरूबाट हामीसँग जति धेरै शिक्षकहरू हुनुहुन्छ हामीले त्यति धेरै सिक्न सक्छौं भन्ने कुरालाई हामीलाई बुझेका छौं । तेस्रो कुरा, हामीसँग सिटीको बजेटमा बाल स्याहारका लागि दुई मिलियन रहेको छ जुन अहिलेसम्म खर्च भएको छैन । हामीले सो रकमलाई बाल स्याहारमा खर्च गर्नुपर्छ ताकि हामीले बाल स्याहार हुनुको फाइदालाई बुझेका छौं भनेर सिटी अफ पिट्सबर्गलाई देखाउन जारी राख्न सकौं । त्यसैले शहरको रूपमा हामीले नेतृत्व गर्न सक्ने यी तीन क्षेत्रहरू हुन् ।

**प्रश्न #5:** किस्टोन रिसर्च सेन्टर अनुसार, पिट्सबर्गमा रहेका आप्रवासीहरूले शहरमा आफ्नो समानुपातिक जनसङ्ख्याको तुलनामा सबै साना व्यवसाय मालिकहरूको ठूलो हिस्सालाई प्रतिनिधित्व गर्छन् । न्यु अमेरिकन इकोनोमी अनुसार, संयुक्त राज्य अमेरिकामा जन्मिएका बासिन्दाहरूको तुलनामा आप्रवासीहरूले व्यवसाय सुरु गर्ने 36% बढी सम्भावना रहन्छ । पिट्सबर्गको आप्रवासी उद्यमीहरूको राम्रो आर्थिक क्षमतालाई हेर्दा तपाईंको

प्रशासनले इच्छुक आप्रवासी उद्यमीहरूलाई पिट्सबर्गमा व्यवसाय खोल्नका लागि कसरी सहायता गर्नेछ ?

**मेयर पेडुटो:** साना व्यवसायका लागि उपलब्ध रहने कुनै पनि प्रकारको कार्यक्रम निर्धारण गर्नमा सक्षम हुनका निम्ति हामीले यसलाई यथासम्भव सरल बनाउँछौं । त्यसैले, गएको सात वर्षमा आप्रवासीहरूद्वारा सुरु गरिएका विभिन्न कम्पनीहरूसँग काम गर्दा तिनीहरू मध्ये केही बाधाहरूमा वास्तवमा स्थानीय स्तर, राज्य स्तर वा सङ्घीय स्तरमा के उपलब्ध रहेको थिए भनेर बुझ्नु थियो । हाम्रो अर्बन रिडेभलपमेन्ट अथोरिटीले अहिले मूल रूपमा रेड टेप (अत्यधिक नियम तथा नियन्त्रणहरू) लाई घटाउन र रेड कार्पेट (विशेष व्यवस्था) लाई सुरु गर्नका निम्ति वन-स्टेप शप (सबै जानकारी तथा सेवाहरू एकै ठाउँबाट उपलब्ध गराउने) को निर्माण गरेको छ । यसले गर्दा शहरभरि नै हामीले आप्रवासीहरूद्वारा सुरु गरिएका नयाँ कम्पनीहरू देख्न सकेका छौं । समुदायभित्र काम गर्ने प्रदायकहरूसँग हातेमालो गर्दै काम गरेर उनीहरू हामीलाई आफ्नै व्यवसाय सुरु गर्न चाहनेहरूसँग सिधैं सम्पर्क गराउन सफल भएका छन् ।

**श्री मोरेनो:** यहीं कारणले गर्दा नै आप्रवासीहरू संयुक्त राज्य अमेरिका आउने गर्छन्, किनकि यहीं नै तपाईं आएर अमेरिकी सपना भेट्टाउन र आफ्नै व्यवसाय सुरु गर्न सक्नुहुन्छ । मेरो हजुरबुबाले मोरेनो ट्रकिङ सुरु गर्नुभएको थियो । उहाँ एकदमै सफल हुनुहुन्थ्यो र उहाँले आफ्नो समुदायलाई मद्दत पनि गर्नुभयो । त्यसैले, जब तपाईंले यहाँ आइरहेका यी आप्रवासीहरूलाई देख्नुहुन्छ, यी भनेका हामी नै हौं । यी हाम्रा मानिस हुन् । यी आइरहेकाहरू मानवहरू हुन् । हामीले उनीहरूका लागि यी व्यवसायहरू सुरु गर्नका लागि सजिलो बनाउन जरुरी छ ताकि उनीहरूलाई डर नहोस् किनभने उनीहरू सिधैं कुनै स्टोरमा गएर काम पाउन सक्दैनन् ।  उनीहरूले के गर्न चाहन्छन् भन्ने कुरा उनीहरूलाई थाहा छ । लाइसेन्सिङ एण्ड पर्मिट्स ब्युरोबाट हुने अठ्याउने निगरानीले मौजुदा पिट्सबर्गवासीहरूलाई पहिलेदेखि नै कठिन गराएको छ । कल्पना गर्नुहोस् कि तपाईंलाई भाषासम्बन्धी समस्या छ

र तपाईं ती कुराहरू पूरा गर्न प्रयास गरिरहनुभएको छ । यसले भ्रम सिर्जना गर्छ । त्यसैले यदि हामीले यसलाई सुरु गर्न सक्यौं र उनीहरूले बुझ्न सक्ने र व्यवसायलाई सुरु गर्नका लागि सजिलो गराउन सक्ने स्थानमा तिनीहरू उपलब्ध हुन्छन् भनेर सुनिश्चित गर्न सक्यौं र अरूहरूले जस्तै पालना गराउन सक्यौं भने उनीहरू धेरै सङ्ख्यामा आउनेछन् र यदि हामीले उनीहरूलाई उक्त अवसर दियौं भए उनीहरू सफल हुनेछन् । यसमा भएको यति नै हो ।

**श्री थोम्प्सन:** यो एकदमै रोचक छ । समयको क्रमसँगै मैले देखेका कुराहरू मध्ये एउटा कुरा के छ भने अमेरिका विभिन्न प्रकारका मानिस, समुदायहरूबाट मिलेर बनेको समाज हो र हामीले सधैं नयाँ अमेरिकीहरू निर्माण गर्छौं । अमेरिकामा सबैजना अङ्गीकृत नागरिकता प्रदान गरिने र हामीले नयाँ नागरिकहरू गराउने समारोहमा जानुपर्छ । त्यसैले तपाईंले सोध्नुपर्छ, "गुगलको निर्माण कसले गर्‍यो ?" यदि तपाईंले मानिसहरूलाई गुगलको स्थापना कसले गरेको थियो भनेर सोध्नुभयो भने दुईजना अमेरिकीहरू छन् र उनले आफ्नो परिचय अमेरिकीको रूपमा दिन्छन् तर वास्तवमा उनीहरू आप्रवासीहरू हुन् । त्यसैले मेन्टोरिङ कार्यक्रम जस्तो केही हेर्न पाउँदा राम्रो हुनेछ । किनभने अरू देशहरूबाट आएका हाम्रा धेरै अमेरिकी नागरिकहरूसँग अनुभव छ, उनीहरू यसलाई भोगेर आएका छन् । उनीहरू अमेरिकाभन्दा बाहिर अरू कहींबाट आएर यहाँ सफल भएका छन् र वास्तवमा उनीहरू सिटी अफ पिट्सबर्गद्वारा सहायता प्रदान गरिएको औपचारिक कार्यक्रममा अरूहरूलाई मेन्टर गर्नमा मद्दत गर्न सक्षम हुनुपर्छ । आप्रवासीको सानो व्यवसाय अमेरिकीको सानो व्यवसायभन्दा केही फरक हुन सक्ने भएकोले तपाईंलाई सबै नियमहरू थाहा नहुन सक्छ । अन्य केही देशहरूमा भन्दा अमेरिकामा कुराहरू केही फरक हुन्छन् । र थप स्वागतिलो कार्यक्रम हुनु वास्तवमै राम्रो हुन्छ र थप औपचारिक कार्यक्रम उत्कृष्ट सुरुवात हुनेछ ।

**रिप्रिजेन्टेटिभ गेनी:** हो, धन्यवाद । हामीलाई थाहै छ कि साना व्यवसायहरू यस शहरमा पीडामा छन् र यो पीडा दशकौंदेखि रहिआएको छ । हामीले हाम्रो अर्थव्यवस्थामा विविधता ल्याउन आवश्यक छ । र तपाईंले आफ्नो अर्थव्यवस्थामा कसरी विविधता ल्याउनुहुन्छ भनेर

भन्नुपर्दा साना व्यवसायहरूमा लगानीमार्फत हो । हामीले अवसर तथा पुँजीमा पहुँचको निर्माण गर्न आवश्यक छ किनभने अवसर र पुँजीबिना साना व्यवसायहरू बढ्न सक्दैनन् । PLI का बारेमा कुरा गर्दा हामीले यसलाई परिवर्तन गर्नुपर्छ, हामीले त्यसमा सुधार ल्याउनुपर्छ । पैसा नै समय हो र समय नै पैसा हो । र अहिले PLI प्रणाली जसरी अगाडि बढिरहेको छ हामीलाई त्योभन्दा पनि छिटो अगाडि बढ्ने प्रणाली जरुरी छ । तेस्रो कुरा, हामीले हाम्रो खरिद प्रक्रियालाई टुक्राउन आवश्यक छ जसले गर्दा हामीसँग साना व्यवसाय र उद्यमीहरूले बोलपत्र पेश गर्न सकून् भन्नका लागि थप कन्ट्याक्टहरू हुनसक्छ । र अन्तमा, हामीले प्राविधिक सहयोग उपलब्ध गराउन जरुरी हुन्छ । यी कन्ट्र्याक्टहरूमा धेरै शब्दावलीहरू हुन्छन् र यी परियोजनाहरूमा ठ्याक्कै कसरी बोलपत्र पेश गर्ने भनेर मानिसहरूलाई थाहा हुँदैन । त्यसैले, हामीले प्राविधिक सहयोग उपलब्ध गराइरहेका छौं भनेर सुनिश्चित गर्न आवश्यक हुन्छ र म पुन: यो सुनिश्चित गर्न चाहन्छु कि यो यहीं क्षेत्र हो जहाँ यी प्रक्रियाहरूलाई टुक्राउन र उनीहरूलाई बुझाउनमा मद्दत गर्नका निम्ति हामीलाई सक्षम बनाउनमा मद्दत गर्नका लागि हामीसँग अनुवादकहरू हुनेछन् । यहीं तरिका प्रयोग गरेर तपाईंले सिटी अफ पिट्सबर्गमा साना व्यवसायहरूलाई अगाडि बढाउनुहुन्छ ।

**प्रश्न #6:** केही वर्ष पहिले नेसनल म्युनिसिपल पोलिसी नेटवर्क र सेन्टर फर पपुलर डेमोक्रेसीले पारिश्रमिकको चोरीको विरुद्ध शहरहरूले लड्न सक्ने तरिकाहरू भएका 21 वटा सिफारिसहरू ल्याएको थियो र पारिश्रमिकको चोरी भनेको रोजगारदाताले न्यूनतम पारिश्रमिक तथा/वा ओभरटाइम भुक्तानी गर्न असफल हुने वा काम गरेको समयका लागि कर्मचारीलाई केही पनि भुक्तानी गर्न असफल हुने अवस्थालाई बुझाउँछ । सिफारिसहरूमा गैर-नाफामूलक संघसंस्थाहरूलाई अनुदानहरू उपलब्ध गराउनेदेखि लिएर दावीहरूको छानबिन गर्नेदेखि लिएर पारिश्रमिकको चोरीमा संलग्न व्यवसायको व्यावसायिक इजाजतपत्रलाई निलम्बित वा खारेज गर्ने रहेका थिए । इकोनोमिक पोलिसी इन्स्टिच्युटले अमेरिकामा कम पारिश्रमिक प्राप्त गर्ने कामदारहरूको $50 बिलियनभन्दा बढी पारिश्रमिक चोरी गरिने भनेर अनुमान लगाएको छ । पारिश्रमिकको चोरी विशेषगरी रेस्टुरेन्ट र

कन्स्ट्रक्सन उद्योगहरूमा प्रमाणित कागजपत्र नभएका कामदारहरूका बीचमा एकदमै सामान्य हुन्छ । मेयरको रूपमा तपाईंले सिटी अफ पिट्सबर्गमा आफूले गरेको कामका लागि प्रमाणित कागजपत्र नभएका कामदारहरू लगायतका कामदारहरूले आफूले पाउनुपर्ने पारिश्रमिक प्राप्त गर्छन् भनेर सुनिश्चित गर्नका लागि तपाईंले के गर्नुहुन्छ ?

**श्री मोरेनो:** मैले यहीं क्षेत्रका बारेमा सुरुमै कुरा गरेको थिएँ । पहिलो कुरा, हामीले यी मानिसहरूलाई आवश्यक पर्ने कागजपत्रहरू प्राप्त गर्नमा प्राथमिकता दिनुपर्छ जसले गर्दा उनीहरूले नागरिकता प्राप्त गर्ने बाटोलाई सुरु गर्न सक्छन् र काममा जान सुरु गर्न सक्छन् र यस बारेमा डर नमानून् । यहाँ रहेका ती व्यवसायहरूले यी मानिसहरूलाई काबूमा राख्न र उनीहरूले प्राप्त गर्नुपर्ने पारिश्रमिक भुक्तानी नगर्न त्यसलाई हतियारको रूपमा गर्छन् र उनीहरूलाई कम भुक्तानी दिन्छन् र उनीहरूले कष्ट पाउँछन् । उनीहरूले जीवनयापनको खर्च बेहोर्न सक्दैनन् र यो अत्याचारपूर्ण हुन्छ । हामीले हाम्रो लाइसेन्सिङ एण्ड पर्मिट्स ब्युरोलाई यस तरिकामा ती क्षेत्रहरूलाई छानबिन गर्नका लागि प्रयोग गर्छौं भनेर सुनिश्चित गर्नु ठीक होइन । यी अपराधहरू हुन् । उनीहरूलाई प्रहरी विभाग वा डिस्ट्रिक्ट अटर्नीको कार्यालयमा बुझाउन जरुरी छ भनेर थाहा पाइसकेपछि उनीहरूलाई जरिवाना लगाइनुपर्छ र उनीहरूको विरुद्ध मुद्दा चलाइनुपर्छ । र यसलाई प्राथमिकतामा राखिनुपर्छ । किनभने यो भएको छ । हामीले अहिले पनि यो भइरहेको देख्न सक्छौं । तपाईं शहरमा जहाँसुकै जानुहोस् तपाईंले आप्रवासीहरूले काम गरिरहेको देख्नुहुन्छ र तपाईंलाई थाहा हुन्छ कि उनीहरूलाई सही भुक्तान गरिएको छैन । यो भइरहेको छ भन्ने कुरा मलाई व्यक्तिगत रूपमा थाहा छ ।

**श्री थोम्प्सन:** अन्य शहर तथा राज्यहरूले सर्वसाधारणहरूलाई थाहा दिनका निम्ति पारिश्रमिकको चोरीका बारेमा रिपोर्ट गर्न र पारिश्रमिकको चोरीका बारेमा छानबिन गर्नका लागि 1-800 नम्बरको व्यवस्था गरेर राम्रो काम गरेका छन् । तपाईंले कुन-कुन कानुनहरू उल्लंघन भएका छन् भनेर सोध्नुपर्छ । यदि तपाईंले पारिश्रमिकहरू भुक्तानी गरिरहनुभएको छैन भने सामान्यतया त्यो राज्यको कानुनको विषय हो, त्यसैले अभियोजन राज्यबाट हुन

आवश्यक पर्नेछ । तर तपाईंसँग पारिश्रमिकको चोरी छानबिन गर्ने एकाइहरू हुन सक्छ जसले आप्रवासी समुदायहरूका साथै गैर-आप्रवासी समुदायहरूमा गएर कुरा गर्न सक्छ; दुर्भाग्यवश यो सबै अमेरिकीहरूमा हुन्छ र यो आप्रवासी समुदायहरू जस्ता सीमान्तकृत समुदायहरूमा अझ बढी हुने गर्छ । तर, यस मामिलामा तपाईंले वास्तविक कार्यान्वयन गराउन सक्नुहुन्छ । मलाई लाग्छ कि हामीले राज्यका अधिकारीहरूसँग समन्वय गर्न र कानुनहरू उल्लंघन गर्ने विरुद्ध मुद्दा चलाइन्छ भनेर सुनिश्चित गर्न जरुरी छ र हामीले मामिलाका बारेमा थप सचेतना फैलाउन आवश्यक पर्छ ।

**रिप्रिजेन्टेटिभ गेनी:** पहिलो कुरा भनेको हामीसँग इक्वेल अपुर्चनिटी रिभ्यु कमिसन रहेको छ र यो त्यसका लागि धेरै राम्रो ठाउँ हुनेछ । जसले गर्दा शहरभित्र व्यवसाय गरिरहेको जोकोही पनि पारिश्रमिकको चोरीमा संलग्न रहेमा उक्त समयदेखि नै त्यसलाई शहरसँग काम गर्नका प्रतिबन्ध लगाइनेछ । हामीले त्यसलाई सहन गर्ने छैनौं । दोस्रो कुरा, हामीले गैर-नाफामूलक संघसंस्थाहरू - आप्रवासनसम्बन्धी गैर-नाफामूलक संघसंस्थाहरू काम गर्नेछौं - पारिश्रमिकको चोरी गरिरहेका भनेर उनीहरूलाई लागेका संस्था तथा व्यवसायहरूलाई हामीले कसरी लक्षित गर्न सक्छौं भनेर कुरा गर्नका लागि जसले गर्दा हामी सुरुदेखि नै संलग्न हुनेछौं र हामीले उनीहरू को भनेर बुझ्नेछौं । र तेस्रो कुरा भनेको पारिश्रमिकको चोरी गरेका ती संस्था वा व्यवसायहरूलाई जिम्मेवार ठहर गराइन्छ भनेर सुनिश्चित गर्नका लागि हामीले यस बारेमा राज्यका अटर्नी जनरलकहाँ रिपोर्ट गर्नेछौं । यी तीन कुराहरू छन् । पहिलो, हामीले इक्वेल अपुर्चनिटी रिभ्यु कमिसनसँग काम गर्नेछौं किनभने पारिश्रमिकको चोरीमा संलग्न संस्था वा व्यवसायहरूलाई हटाउने यो राम्रो तरिका हो । दोस्रो, त्यस्तो कार्य गरिरहेका संस्थाहरूलाई लक्षित गर्नका लागि हामीले गैर-नाफामूलक संघसंस्थाहरूसँग मिलेर काम गर्नेछौं र त्यस्तो कार्य गरिरहेकाहरूका बारेमा हामीले राज्यको अटर्नी जनरलकहाँ रिपोर्ट गर्नेछौं । गेनी प्रशासन अन्तर्गत हामीले त्यसलाई यसरी व्यवस्थापन गर्नेछौं ।

**मेयर पेडुटो:** हामी काउन्सिलर कोरे ओकोनरसँगै कार्यदलमा सहभागी हुन पाउँदा गर्व महसुस गर्छौं । अप्रिल 15, ट्याक्स डे (कर दिवस) मा, मैले पारिश्रमिकको चोरीमा संलग्न कुनै पनि कन्ट्रयाक्टर विरुद्ध कार्यवाही गर्ने कार्यकारी आदेश पारित गरेको थिएँ । यो अपराध हो । यो फौजदारी संहिताको हिस्सा हो । जब तपाईंले टेबल मुनिबाट कसैलाई भुक्तानी गर्दै हुनुहुन्छ भने ती करका त्यस्ता डलरहरू हुन् जो स्कुल निर्माण गर्न वा सडकलाई छाप्नका लागि कहिल्यै फिर्ता आउँदैनन् वा त्यस्ता परिवारहरू हुन्छन् जसले स्वास्थ्य सेवा वा अरू सुविधाहरू कहिल्यै पाउनेछैनन् । र उनीहरूले सम्पूर्ण उद्योगलाई तल झार्छन् । हामीले आश्वस्त पार्ने कुरा के हो भने हामीले कन्ट्रयाक्टहरू कम रकमको हुने कारणको रूपमा कामदारहरू हुन्छन् भनेर कहिल्यै हुन दिनेछैनौं । साथै प्रत्येक कन्ट्रयाक्टलाई आफूले तलब वा सुविधाहरू वा पूर्ण प्याकेज जुन भएपनि त्यसलाई पूरा गर्नुपर्छ थाहा हुन्छ । र सहमति नजनाउने र टेबल मुनिबाट भुक्तानी गर्नेहरूलाई पक्राउ गरिनेछ ।

**प्रश्न #7:** सन् 2014 मा लागू भएर अहिलेसम्म कार्यान्वयनमा रहेको "अन्बायस्ड पुलिसिङ पोलिसी (निष्पक्ष प्रहरी नीति)" अनुसार पिट्सबर्ग ब्युरो अफ पलिसले सङ्घीय अदालतद्वारा सुनाइएको आदेश नहुँदासम्म ICE भनेर चिनिने युनाइटेड स्टेट्स ब्युरो अफ मिग्रेसन एण्ड कस्टम इन्फोर्समेन्टसँग सहकार्य गर्ने, जानकारी साझा गर्ने वा समन्वय गर्ने कामहरू गर्दैन । यदि निर्वाचित हुनुभएको खण्डमा ICE सँगको समन्वयका बारेमा तपाईंको नीति के हुनेछ ?

**श्री थोम्प्सन:** हो, मलाई हामीले ICE सँग समन्वय गर्नुपर्छ भन्ने लाग्दैन । मलाई वर्तमान नीति ठीक र सही नीति हो भन्ने लाग्छ । मूल रूपमा, बिल पेडुटोलाई सलाम छ, त्यो सही नीति हो र हामीले ICE सँग सहकार्य गर्नुहुँदैन ।

**रिप्रिजेन्टेटिभ गेनी:** हामीले ICE सँग कुनै पनि व्यवहार गर्नुहुँदैन । हामीले हाम्रा आप्रवासी नागरिकहरूको संरक्षण गर्नुपर्छ, त्यसैले हामीले ICE सँग कुनै पनि प्रकारको व्यवहार

गर्नुहुँदैन । हाम्रो काम भनेको मानिसहरूलाई ICE लाई चोटपटक लगाएको र परिवारहरू छुट्टिएको हेर्ने होइन । त्यो अमेरिकाले गर्ने र हामीले गर्ने कुरा होइन । हामीले गर्ने भनेको परिवारहरूलाई पुनर्मिलन गराउने र उनीहरूलाई एकसाथ ल्याउने हो र उनीहरूले डरका साथ जिउनुपर्ने जीवन नभएर उनीहरूको सुरक्षित जीवन छ भनेर हामीले सुनिश्चित गर्छौं । मलाई लाग्छ कि भयमा जिउँदा त्यसले एकदमै बढी ट्रमा गराउँछ । हामी पिट्सबर्गका हाम्रा नागरिकहरूमा ट्रमा होस् भन्ने चाहन्नौं । हामीले गर्न चाहेको कुरा भनेको हामी हामीसँग हामीले मद्दत गर्ने प्रणाली हो भनेर सुनिश्चित गर्न चाहन्छौं । र ICE मा मद्दत गर्ने कुनै प्रणाली छैन, उनीहरूको सजाय दिने प्रणाली छ । र त्यो हामीले हाम्रो शहरमा चाहेको होइन । त्यसैले, हामीले ICE सँग मिलेर काम गर्ने छैनौं; हामीले हाम्रा आप्रवासी जनसङ्ख्याहरूसँग मिलेर काम गर्ने छौं र हामीले उनीहरूका जीवनहरूलाई कसरी समर्थ बनाउन सक्छौं भनेर पत्ता लगाउनेछौं ।

**मेयर पेडुटो:** म श्री गेनीले भनेका कुराहरूमा सम्मानका साथ असहमति जनाउँछु । उहाँसँग त्यो अवसर थियो र उहाँले डोनाल्ड ट्रम्पसँग जोडिने र ई-भेरिफाइलाई समर्थन गर्ने भनेर रोज्नुभयो । ई-भेरिफाइ त्यस्तो कार्यक्रम हो जसमा यदि कन्स्ट्रक्सन परियोजना वा अन्य ठाउँका कामदारले कागजपत्रहरू देखाएनन् भने उनलाई ICE समक्ष बुझाउन अनिवार्य गरिएको हुन्छ । जब तपाईंले त्यसका लागि मतदान गर्नुहुन्छ, तपाईंले ICE सँग काम गर्ने भएर समर्थन जनाएको हुन्छ र त्यति मात्र नभएर तपाईंले यसलाई अनिवार्य गराउने पेन्सलभेनिया राज्यको विधानलाई समर्थन गर्नुहुन्छ । मेरो प्रशासनले हाम्रो प्रहरी विभाग र ICE बीचमा अन्तरक्रियालाई प्रतिबन्ध लगाएको थियो । हाम्रो रेकर्डमा एकदमै ठूलो भिन्नता छ । एउटा डोनाल्ड ट्रम्पको विरुद्ध खडा भयो र उसले राष्ट्रपतिबाट जेलमा हालिने धम्कीको सामना गऱ्यो । अर्कोले उनको पक्ष लिग्यो र कानुनलाई पारित गऱ्यो जसले गर्दा प्रमाणित कागजपत्रहरू नभएका कामदारहरूलाई डिपोर्ट गरिनेछ ।

**श्री मोरेनो:** यो कानुन कार्यान्वयन गराउनेसम्बन्धी मामिला हो । त्यसैले, यदि हामीले कानुन लागू गर्ने कुरालाई सुनिश्चित गर्छौं र यदि कसैले अपराध गर्छ र उ प्रमाणित कागजपत्र नभएको कामदार हो भने ICE ले खास केही फरक पार्दैन किनभने हामीहरूले यी समुदायहरूको संरक्षण गर्नुपर्छ । तपाईं समुदायहरूमा जाँदा उनीहरूको अरुहरूको जस्तै संरक्षित हुने हक रहन्छ । यदि अपराध गर्ने यो व्यक्ति अब आप्रवासनसम्बन्धी नीति, उल्लंघन अन्तर्गत आउँछ भने त्यसपछि हामीले त्यस बारेमा के गर्नुपर्छ ? हामीले यो सङ्घीय सरकारको आप्रवासन नीतिमा फिर्ता जान्छ र त्यहाँ यसको प्रयोग गरिन्छ भनेर सुनिश्चित गर्न आवश्यक हुन्छ । अहिले म यो वास्तवमा भनिरहेको छैन कि ICE हाम्रा आप्रवासन क्षेत्रहरूमा आइरहनुपर्छ, त्यस्ता क्षेत्रहरूमा जहाँ आप्रवासीहरू बसिरहेका छन् किनभने त्यसले तिनीहरूलाई त्रासमा मात्र पार्छ । मैले त्यो मेरो हजुरबुबाले चलाएका खेतहरूमा भएको देखेको थिए । हामीले गर्न आवश्यक भनेको उनीहरू सुरक्षित छन् भएर सुनिश्चित गर्नु हो र यदि कसैले कानुनीको उल्लंघन गरिरहेको भएमा र उनीहरूले गर्न नहुने त्यस्तो कुनै कार्य गरिरहेको भएमा त्यसलाई उचित तरिकामा प्रयोग गरिनुपर्छ । आप्रवासनसम्बन्धी कानुन भनेको कानुन नै हो ।

**प्रश्न #11*:*** डिपोर्टेसनको सामना गरिरहेका आप्रवासीहरूका लागि फौजदारी अदालतमा व्यवस्था गरिए झैं सरकारी सहायता रकम प्राप्त गर्ने अटर्नीको व्यवस्था गरिँदैन । परिणामस्वरूप, वकिलको खर्च बेहोर्न नसक्ने आप्रवासीहरू सो खर्च बेहोर्न सक्ने आप्रवासीहरू भन्दा तुलनात्मक रूपमा डिपोर्ट हुने उच्च जोखिममा रहन्छन् । यस कठोर वास्तविकताको प्रतिकार्य स्वरूप फिलाडेल्फियासहित राष्ट्रियभरिका 39 वटा नगरपालिकाहरूले सार्वजनिक सहायता रकम सहितको डिपोर्टेसन प्रतिरक्षा कार्यक्रमहरू तयार गरेका छन् ।

के तपाईं डिपोर्टेसनको सामना गरिरहेको प्रत्येक व्यक्ति कानुनी प्रतिनिधित्वका लागि हकदार रहेको भनेर विश्वास गर्नुहुन्छ ? यदि त्यसो हो भने के तपाईं पिट्सबर्गमा यसलाई

सुनिश्चित गर्ने पहलका लागि भुक्तानी गर्न सिटीका सहायता रकमहरूलाई समर्पित गर्ने कुरामा प्रतिबद्धता जनाउनुहुनेछ ?

**श्री मोरेनो:** पक्कै पनि । यो संयुक्त राज्य अमेरिका हो, तपाईं प्रतिनिधित्वका लागि योग्य हुनुहुन्छ । हामीसँग यहाँ पिट्सबर्गमा आप्रवासनसम्बन्धी वकिलहरू छैनन्, विशेषज्ञता प्राप्त गरेका कोही पनि छैनन्, मैले दु:खका साथ भन्नुपर्दा आप्रवासनसम्बन्धी कानुनमा विशेषज्ञता प्राप्त गरेका एकदमै थोरै मानिसहरू मात्र छन् । आप्रवासनको सम्बन्धमा विशेषज्ञता प्राप्त गर्नुभएका कुनै पनि न्यायाधीशहरू हुनुहुन्न । उनीहरू त्यसो केहीको अगाडि गइरहेका छन् जो अजेय छ । यदि हामीले मानिसहरूलाई तानेर डिपोर्ट गर्न लाग्यौं भने त्यो अनुचित हुन्छ किनभने अधिकांश समय उनीहरू यहाँ आउँदा उनीहरूलाई यो ठीक हो भन्ने गरिएको छ । त्यसैले, यदि हामीले उनीहरूको प्रतिनिधित्व गराउन सक्यौं, उनीहरूले गम्भीर अपराध गरेका छैनन् भने हामीले प्रतिनिधित्वसहित अमेरिकी नागरिकहरू बन्ने प्रक्रिया पूरा गर्नमा उनीहरूलाई मद्दत गर्न सक्षम हुनुपर्छ । हामीले उनीहरूको छेउमै पहिलेदेखि बसिरहेका अरू कोहीलाई व्यवहार गर्नेभन्दा फरक उनीहरूलाई व्यवहार गर्नुहुँदैन । उनीहरू यहाँ बसोबास गरिरहेका छन्, उनीहरू काम गर्दैछन्, उनीहरूले प्रगति गरिरहेका छन्, उनीहरूका परिवारहरू यहाँ छन् । उनीहरूलाई प्रतिनिधित्व आवश्यक पर्छ । हामीले यहाँ विशेषज्ञहरू ल्याउन जरुरी छ, जस्तै कि जोय मर्फी जो न्यायाधीशका लागि उठ्दै हुनुहुन्छ, उहाँले अहिले भर्खरै क्लेयरटनमा मानिसहरूलाई आवश्यक पर्ने कुराहरू प्राप्त गर्न मद्दत गर्नुहुन्छ र उहाँले उनीहरूको प्रतिनिधित्व गर्नुहुन्छ, र हामीलाई यो गर्नका लागि त्यहीं तरिका आवश्यक छ । यस तरह हामीले हाम्रा आप्रवासीहरूलाई माया देखाउँछौं ।

**मेयर पेडुटो:** पक्कै पनि । तपाईंहरूलाई थाहै छ कि ट्रम्प प्रशासनको दौरान हामी हारेका थियौं र हामी एक पुस्ता पछाडि गएका थियौं । त्यस्तो पुस्ता जसले आप्रवासीहरूका अधिकारहरूका लागि लडेको थियो जसमा प्रमाणित कागजपत्रहरू भएका तथा नभएका दुवै थिए । र गएको वर्ष व्यक्तिगत केसहरूमा कासा सेन जोससँग काम गर्दा तपाईंलाई

थाहै होला कि हामीले धेरैपटक प्रो-बोनो (पारिश्रमिक नलिकन) काम गर्ने अटर्नीहरू भेटाउन सफल भएका थियौं । तर चाहें त्यो आप्रवासी वा आप्रवासीका बच्चाहरूलाई दिइएका अधिकार वा कार्यक्रमहरू खोसेर लिएर जाने होस् वा शुल्कहरू बढाउने होस् वा चाहें ट्रम्प प्रशासनले चालेका अन्य प्रकारक कार्यवाहीहरू नै किन नहोस् हामीले तिनीहरूसँग हरेक पटक लडेका थियौं । हामीले तिनीहरूलाई अदालतमा लिएर गएका थियौं र अधिकारहरूलाई सुरक्षित राख्नका निम्ति हामी अमिकस ब्रिफहरूसँग जोडिएका थियौं । यी भनेका ती अधिकारहरू हुन जसका लागि मानिसहरूले पुस्तौंदेखि लडाइँ लडेका थिए र सिटी अफ पिट्सबर्ग तिनीहरूलाई पूर्व अवस्थामा फर्काउन र विस्तार गर्नका लागि मैले बिडेन प्रशासनसँग मिलेर काम गर्ने आशा गरेको छु ।

**श्री थोम्प्सन:** यो हामीले गर्न आवश्यक रहेको कुराहरू मध्ये एकदमै महत्त्वपूर्ण कुरा हो । मानिसहरू बारम्बार ध्यानाकर्षण गर्न वा सहयोग प्राप्त गर्न वा समावेश हुनबाट असफल हुने गर्छन् । तपाईंलाई थाहै छ कि कानुनी प्रणाली धनिहरूका लागि मात्र होइन । गरिब, आप्रवासी, शरणार्थी मानिसहरू पनि कानुनी प्रतिनिधित्व प्राप्त गर्नका लागि योग्य हुन्छन् । यदि तपाईंले अन्य शहरहरू, जस्तै कि न्यूयोर्क सिटी, हेर्नुभयो भने घरवारविहीनता, डिपोर्टेसन वा अन्य सबै प्रकारका समस्याहरूको सामना गरिरहेका मानिसहरूलाई मद्दत गर्नका लागि उनीहरूले वास्तवमै टेनान्ट (भाडावालसम्बन्धी) वकिलहरू नियुक्त गर्ने गर्छन् । र स्थानीय स्तरका हाम्रा पहलहरूका लागि कम आर्थिक सहायता प्रदान गरिन्छ वा यस पहलका लागि आर्थिक सहायता नै प्रदान गरिन्न । तपाईंलाई थाहै छ कि फौजदारी सुनुवाइहरूमा तपाईंसँग अटर्नी राख्ने अधिकार हुन्छ तर अन्य कानुनी मामिलाहरूमा तपाईंले गर्न सक्नुहुन्छ नै भन्न सकिँदैन र यो अमेरिकी समाजको ठूलो प्वाल हो र हामीले निश्चय पनि यसलाई पुर्नका लागि काम गर्न आवश्यक छ । मैले भन्न खोजेको यो सङ्घीय स्तरबाट हुँदै तल आउनु उपयुक्त हुन्छ तर स्थानीय रूपमा हामीले अझ धेरै गर्न सक्छौं र हामीले गर्नुपर्छ ।

**रिप्रिजेन्टेटिभ गेनी:** हो, अवश्य पनि । त्यसैले गर्दा, राज्यमा मैले शरण दिने शहरहरूलाई संरक्षण गर्नका लागि मतदान गरेको थिएँ । मलाई त्यो एकदमै महत्वपूर्ण भएको लागेको थियो । र त्यसपछि मलाई उनीहरूले फिलाडेल्फियामा गरिरहेको कामको मोडल राम्रो लागेको छ र मलाई विश्वास छ कि हामीले त्यसलाई यहाँ पिट्सबर्गमा गर्न सक्छौं । उनीहरूले फिलीमा के गरिरहेका छन् भनेर सुनिश्चित गर्नका लागि हामीले आप्रवासनसम्बन्धी गैर-नाफामूलक संघसंस्थाहरूसँग काम गर्न सक्छौं किनभने यसले काम गरिरहेको हामीले देखिरहेका छौं, यो अगाडि हामीले देखिरहेका छौं र यसले धेरै राम्रा कुराहरू गर्ने हामीले देखिरहेका छौं । त्यसैले, दिनको अन्तिममा हामीले हाम्रो मोडल अपनाउन जरुरी हुन्छ र हामीले त्यसलाई पिट्सबर्गमा ल्याउन आवश्यक पर्छ । र हामीले यसलाई पिट्सबर्गमा कार्यान्वयन गर्न आवश्यक छ ताकि हामीले हामी अग्रसक्रिय छौं, प्रतिक्रियाशील छैनौं भनेर सुनिश्चित गरिरहन सकौँ । र गैर-नाफामूलक संघसंस्थाहरू, आप्रवासनसम्बन्धी गैर-नाफामूलक संघसंस्थाहरूसँग काम गर्दाको हिस्साको रूपमा हामीसँग यहाँ कार्यक्रम छ भनेर सुनिश्चित गर्नका निम्ति हामीले त्यसका लागि पैसा उठाएका थियौं; म गलत छैन फिलीले यस्तै 100,000 डलर प्राप्त गरेको थियो । तर हामीले त्यसलाई ठीक यहाँ सिटी अफ पिट्सबर्गमा गर्न सक्छौं जसले मानिसहरूलाई हामीले हाम्रो आप्रवासी जनसङ्ख्यालाई संरक्षण गर्नका लागि काम गरिरहेका छौं भनेर थाहा दिनेछ ।